प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवर
Inspector General of Police Basanta Bahadur Kunwar
Chief of Nepal Police

नेपाल प्रहरी प्रधान कार्यालय,
नक्साल, काठमाडौं, नेपाल ।
Nepal Police Headquarters,
Naxal, Kathmandu, Nepal

# ६९ औं प्रहरी दिवस-२०८१ को शुभकामना सन्देश

नेपाल प्रहरी संगठनमा आबद्ध सकल दर्जाका कर्तव्य परायण प्रहरी कर्मचारीहरू, अग्रज सदस्यहरू, प्रहरी परिवार तथा अमर प्रहरीका परिवारजनमा संगठन प्रमुखको हैसियतले ६९ औं प्रहरी दिवस - २०८१ को पुनीत अवसरमा व्यक्तिगत तथा व्यावसायिक सफलताको कामना व्यक्त गर्दछु ।

प्रहरी दिवसको यस घडीमा राष्ट्र र नागरिकका सेवाका खातिर प्राण उत्सर्ग गर्नुहुने नेपाल प्रहरीका वीर एवम् अमर प्रहरीका साहसिक र बलिदानी गौरवगाथाको उच्च कदर गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण एवम् अमर आत्माहरूको चीर शान्तिको कामना गर्दछु । अमर प्रहरीका परिवारजन एवम् सन्तति प्रति उच्च सम्मानका साथ हार्दिक समवेदना प्रकट गर्दछु। साथै, कर्तव्य पालनाको दौरान घाइते हुनुभएका सम्पूर्ण प्रहरी कर्मचारीहरूको शीघ्र स्वास्थ्य लाभको कामना पनि गर्दछु ।

नेपाल प्रहरी संगठनमा आबद्ध रही आफ्नो जीवनको ऊर्जाशील समय व्यतीत गरी सेवा निवृत्त हुनुभएका समस्त अग्रजहरू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । सांगठनिक हित, विकास र सुदृढीकरणमा हाम्रा अग्रज सदस्यहरूबाट निर्वाह भएको योगदानप्रति संगठन सदैव ऋणी रहने र वहाँहरूले संगठनप्रति देखाउनुभएको अपनत्व, समर्पण भाव र निष्ठायुक्त प्रेरणाले हामीलाई कर्मक्षेत्रमा थप कटिबद्ध रहन ऊर्जा तथा हौसला मिलेको छ ।

गतिशील समाजको विकास र परिवर्तनको गतिसँगै आम नागरिकमा समेत प्रहरी प्रतिको दृष्टिकोण र अपेक्षामा व्यापक परिवर्तन आएको छ, जसका लागि समयानुकूल संगठनको विकास र सुदृढीकरणका साथै हामीबाट प्रवाहित सेवाको स्तर समेत थप परिष्कृत, उत्तरदायी र सेवामुखी हुँदै जानुपर्ने हुन्छ । समाजमा देखा परेका नवीनतम् चुनौतीहरूलाई निस्तेज तथा सफलतापूर्वक परास्त गर्ने सामर्थ्य सकारात्मक सोचबाट लक्षित प्रहरीबाट मात्र सम्भव हुने हुँदा कानूनी सर्वोच्चता सहितको आफ्नो जिम्मेवारी निर्वाह ईमान्दारिताका साथ बहन गर्नका लागि प्रतिबद्ध हुन समेत आग्रह गर्न चाहन्छु ।

आफ्नो स्थापनाकालदेखि नै प्रत्येक वर्ष मनाइँदै आएको यस विशेष दिवसलाई विगतका वर्षहरूमा भए गरेका कार्य सम्पादनको सिंहावलोकन गरी भएका त्रुटिहरूलाई सच्याउँदै असल अभ्यासलाई निरन्तरता दिई आगतका दिनहरूमा भातृत्वभावको विकास गर्दै कानूनको परिपालना तथा कार्यान्वयन गर्ने कार्यमा दृढ संकल्पित रहँदै निर्दिष्ट जिम्मेवारी अझ प्रभावकारी, जवाफदेही र सशक्त ढंगबाट उच्च मनोबलका साथ निर्वाह गर्नुहुनेछ भन्ने पूर्ण विश्वास लिएको छु ।

अन्त्यमा, सांगठनिक श्रीवृद्धीमा मन, वचन र कर्मले केन्द्रित रहन थप ऊर्जा एवं प्रेरणा मिलोस् भन्ने शुभेच्छाका साथ पुन: एकपटक ६९ औं प्रहरी दिवस-२०८१ को अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**धन्यवाद, जयनेपाल !**

मिति २०८१/०६/२३ गते

**प्रहरी महानिरीक्षक**
**(बसन्त बहादुर कुँवर)**